धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ९ ◆ २०८३ साउन ९ गते शनिबार, Saturday, July 25, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## निरन्तरको पलहका कारण वर्डफ्लु सङ्क्रमण नियन्त्रणतर्फ

*प्रत्यूष समाचारदाता*

चितवन । सरकारको सक्रियताका कारण वर्डफ्लु नियन्त्रण हुँदै गएको व्यवसायीहरूले बताएका छन् । वर्डफ्लुको सङ्क्रमण देखिएपछि सरकारी क्षेत्रबाट गर्नुपर्ने काम निरन्तर रूपमा गरिनुका साथै जनमानसमा सकारात्मक प्रभाव पर्ने गरी सूचना सम्प्रेसण गरेसँगै सङ्क्रमण नियन्त्रण हुँदै गएको व्यवसायीले बताएका हुन् ।

सङ्क्रमण नियन्त्रणका लागि सचेतनासँगै आवश्यक सावधानी अपनाइएका ले बढी क्षति हुन नपाएको नेपाल लेयर्स कुखुरापालक सङ्घका अध्यक्ष विनोद पोखरेलले बताउनुभयो । उहाँका अनुसार कुखुरापालक सङ्घ र नेपाल ह्याचरी उद्योग सङ्घ केन्द्रीय समितिले पशु सेवा विभागलाई लिखित रूपमा धन्यवाद ज्ञापन गरेको छ । पत्रमा भनिएको छ, "सबै कर्मचारी को समूह अहोरात्र खटिएर वर्डफ्लुको सङ्क्रमण नियन्त्रणतर्फ जानुका साथै आमसमुदायमा नकारात्मक प्रभाव नपर्ने गरी सचेतनामूलक सूचना सम्प्रेषण र सावधानी अपनाइ देशको आत्मनिर्भर व्यवसायलाई धरासयी हुनबाट जोगाउन गर्नुभएको योगदान अतुलनीय छ ।" सङ्घका अध्यक्ष पोखरेलले विभागले गरेको पहल र निरन्तरको योगदानका कारण थप क्षति हुनबाट पोल्ट्री क्षेत्र जोगिएको बताउनुभयो । किसान र व्यवसायीलाई सङ्कट हुँदा तत्काल सम्बोधन गर्न सकेमा कम क्षतिमा काम हुन्छ भन्ने उदाहारण अहिले सरकारले दिएको उहाँले बताउनुभयो । तत्काल राहत दिएर किसानलाई पुनः काम गरिहाल्ने वातावरणसमेत सरकारी तबरबाट सृजना भएको उहाँको भनाइ छ ।

नेपाल ह्याचरी उद्योग सङ्घका केन्द्रीय अध्यक्ष राजेन्द्र लामिछानेले पशु सेवा विभागका महानिर्देशकसहितको समूहलाई भेट गरी वर्डफ्लु नियन्त्रणमा लिएको तदारुपता प्रति आभार व्यक्तसमेत गरेको बताउनुभयो । ९९ दशमलव ९९ प्रतिशत रोग नियन्त्रण भएको जनाउँदै उहाँले अरु ठाउँमा सङ्क्रमण नदेखिनेमा आफूहरू विश्वस्त रहेको बताउनुभयो । नेपालको कृषि क्षेत्रमध्ये एक मात्र आत्मनिर्भर व्यवसाय पोल्ट्री व्यवसायीकरण र आधुनिकीकरण हुँदै देशको कूल ग्राहस्थ उत्पादनको करिब तीन प्रतिशत हिस्सा ओगटेको जनाउँदै सङ्घका केन्द्रीय अध्यक्ष लामिछानेले प्रत्यक्ष रूपमा पाँच लाख जनालाई रोजगारी उपलब्ध गराइरहेको बताउनुभयो । नेपालको पोल्ट्री व्यवसाय क्षेत्रमा करिब रु १६० अर्ब लगानी रहेको भन्दै यसको संरक्षण राज्यतर्फबाट हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

साउन १ गतेयता नेपालमा वर्डफ्लु देखिएको छैन । पशु सेवा विभागका महानिर्देशक डा उमेश दाहालका अनुसार नेपालभरि आठ लाख ३५ हजार ५६३ वटा पन्छी नष्ट गरिएको छ । ११ लाख ६५ हजार ६६३ अण्डा, दुई लाख ४५ हजार ३५ किलो दाना नष्ट गरिएको जनाउँदै काठमाडौँ उपत्यकाभित्र र काभ्रेमा मात्र तीन लाख ६७ हजार ८३५ पन्छी नष्ट गरिएको उल्लेख गर्नुभयो। महानिर्देशक दाहालका अनुसार प्रभावित कृषकलाई तत्काल सरकारले राहत उपलब्ध गराएको छ । रु ५० करोड बजेट रकमान्तर भई रु ५२ करोड व्यवस्थापन भएकामा हालसम्म १०४ जना कृषक र फार्मको खातामा रु ५० करोड ७१ लाख १५ हजार ७०४ राहत रकम निकासा गरिसकिएको छ ।

## बिदाका दिनमा राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवा

बागमती । जिल्ला प्रशासन कार्यालय मकवानपुरले साउन ९ र १० गते सार्वजनिक बिदाका दिन पनि राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवा सञ्चालन गर्ने भएको छ ।

पछिल्लो केही दिनदेखि राष्ट्रिय परिचयपत्रको लागि विवरण दर्ता गर्न, तयार भई आएको राष्ट्रिय परिचयपत्र कार्ड लिन एवं राष्ट्रिय परिचयपत्रको विवरण संशोधन गर्न आउने सेवाग्राहीहरूको चाप बढ्दै गएकाले सार्वजनिक बिदाको दिन पनि सेवा दिन लागिएको सहायक प्रमुख जिल्ला अधिकारी मोहनराज जोशीले जानकारी दिनुभयो । यी दुवै दिन बिहान ७:०० देखि बेलुकी ५:०० बजेसम्म कार्यालयको राष्ट्रिय परिचयपत्र शाखा खुला रही सोसम्बन्धी सेवाहरू प्रवाह हुने प्रशासनले जनाएको छ ।

## बिर्तामोड खानेपानीका ११ हजार धाराबाट २४सै घण्टा शुद्ध पानी

भद्रपुर । बिर्तामोड साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले हाल ११ हजार धारामार्फत करिब एक लाख जनसङ्ख्यालाई २४सै घण्टा शुद्ध खानेपानी उपलब्ध गराउँदै आएको जनाएको छ । 'स्वच्छ खानेपानी, स्वस्थ र सभ्य नागरिक' भन्ने मूल नारासहित शुक्रबार आयोजित एक कार्यक्रममा संस्थाले हालसम्मका उपलब्धि र भावी योजना सार्वजनिक गरेको हो । संस्थाका अध्यक्ष मेघराज बाँस्तोलाका अनुसार बिर्तामोड नगरपालिकाका १० वटै वडा तथा अर्जुनधारा नगरपालिकाका वडा नं ५, ६ र ११ का केही क्षेत्रमा खानेपानी सेवा विस्तार गरिएको छ । हाल ५७५ किलोमिटर पाइपलाइन, तीन ओभरहेड ट्याङ्की तथा थप दुई आयोजनामार्फत सेवा प्रवाह भइरहेको छ ।

संस्थाले एसियन हाइवे विस्तारका क्रममा क्षति पुगेका पाइप लाइन प्रतिस्थापन, नयाँ डिपबोरिङ, फिल्टर प्लान्ट निर्माण तथा अर्जुनधारा-६ मा २०० केभिए ट्रान्सफर्मर जडानको काम अन्तिम चरणमा पुगेको जनाएको छ । यसै वर्ष बिर्तामोड नयाँ बसपार्क क्षेत्रमा थप बोरिङ जडान गर्ने र अन्य सामुदायिक खानेपानी आयोजनालाई क्रमशः एकीकृत गर्ने योजना पनि सार्वजनिक गरिएको छ । संस्थाले अव्यवस्थित प्लटिङ, सडक विस्तार र ढल निर्माणका कारण खानेपानी पाइप लाइनमा क्षति पुग्दै गएको संस्थाले जनाएको छ । पूर्वाधार निर्माणका क्रममा सम्बन्धित निकायबीच समन्वय हुन नसक्दा पाइप लाइन मर्मत र नयाँ धारा जडानमा समेत कठिनाइ भइरहेको जनाएको छ ।

"अव्यवस्थित प्लटिङ, सडक तथा ढल निर्माणका क्रममा समन्वयको अभाव हुँदा खानेपानीका पाइप लाइनमा क्षति पुग्ने गरेको छ ।

यसले पाइप लाइन मर्मत, नयाँ धारा जडान र नियमित सेवा प्रवाहमा चुनौती थपिएको छ । आगामी दिनमा सम्बन्धित निकायबीच प्रभावकारी समन्वय गरेर उपभोक्तालाई सहज, सुरक्षित र गुणस्तरीय खानेपानी उपलब्ध गराउने लक्ष्यका साथ संस्था अघि बढिरहेको छ", संस्थाका अध्यक्ष मेघराज बाँस्तोलाले बताउनुभयो ।

## सीमाविद् बुद्धिनारायण श्रेष्ठ पुरस्कृत

काठमाडौँ । राष्ट्रपति रामचन्द्र पौडेलले यस वर्षको 'राष्ट्रिय विभूति भीमसेन थापा पुरस्कार' देशको सिमानाका विषयमा निरन्तर उल्लेखनीय योगदान पुर्याउनु हुने सीमाविद् बुद्धिनारायण श्रेष्ठलाई शुक्रबार एक समारोहकाबीच प्रदान गर्नुभयो ।

राष्ट्रिय विभूति भीमसेन थापाको २५२औँ जन्मजयन्तीका अवसरमा श्रेष्ठलाई रु एक लाख एक हजार १११ नगद तथा सम्मानपत्र प्रदान गरियो ।

त्यस अवसरमा राष्ट्रपति पौडेलले नेपालको राष्ट्रियताको संरक्षण र संवर्द्धनमा विभूति भीमसेन थापाको ऐतिहासिक योगदान रहेको चर्चा गर्दै उनको स्मृतिमा राष्ट्रलाई योगदान गर्ने संस्था वा व्यक्तित्वलाई हरेक वर्ष यसरी पुरस्कृत गर्नु प्रशंसायोग्य कार्य भएको कुरा समेत सो क्रममा बताउनुभयो ।

राष्ट्रिय विभूति भीमसेन थापा प्रतिष्ठानका अध्यक्ष डा पार्थिवेश्वरप्रसाद तिमिल्सिनाले प्रतिष्ठानले हरेक वर्ष भीमसेन थापाको जन्ममितिका अवसरमा इतिहास वा देशका विभिन्न क्षेत्रमा विशेष योगदान पुर्याउने संस्था वा व्यक्तिलाई पुरस्कृत गर्दै आएको उल्लेख गर्दै यो परम्परा निरन्तर जारी रहने बताउनुभयो ।




सो अवसरमा पुरस्कृत व्यक्तित्व सीमाविद् श्रेष्ठले राष्ट्रिय विभूति भीमसेन थापाकै योगदानका कारण नेपाल विश्वमा सार्वभौमिकता सम्पन्न स्वतन्त्र राष्ट्रका रूपमा रहिआएको चर्चा गर्नुभयो ।

त्यस अवसरमा प्रतिष्ठानका उपाध्यक्ष सहप्राध्यापक सुशीलविक्रम थापाद्वारा सङ्कलित भीमसेन थापाकालीन अभिलेख सङ्ग्रह भाग-३ राष्ट्रपतिलाई प्रदान गरियो । भीमसेन थापा पुरस्कारद्वारा विगतमा डा भेषबहादुर थापा, मृगेन्द्र सम्झना चिकित्सा गुठी, राष्ट्रिय आविष्कार केन्द्रलगायत पुरस्कृत भइसकेको प्रतिष्ठानले जनाएको छ ।

## स्थानीय तह पुनरावलोकनलाई वैज्ञानिक र व्यावहारिक बनाउनुपर्ने

*प्रत्यूष समाचारदाता*

गण्डकी । स्थानीय तहको सङ्ख्या तथा सिमाना हेरफेर व्यावहारिक र वैज्ञानिक हुनुपर्नेमा जोड दिइएको छ । कास्की जिल्लास्तरीय पुनरावलोकन अध्ययन समितिद्वारा शुक्रबार पोखरामा आयोजित छलफलका वक्ताहरूले कास्कीमा स्थानीय तहको सङ्ख्या बढाउनुपर्ने र सोका लागि सरकारले जारी गरेको मापदण्ड संशोधन गर्नुपर्ने बताउनुभएको छ ।

कास्कीमा हाल एक महानगर पालिकासहित पाँच स्थानीय तह छन् । स्थानीय तहको सङ्ख्या र सिमाना हेरफेर गर्दा बृहत् राजनीतिक सहमति चाहिने जनाइएको छ ।

पुनरावलोकन अध्ययन समितिका संयोजक तथा जिल्ला समन्वय समितिका प्रमुख लीलाधर पौडेलले जिल्लाका पाँच स्थानीय तहसहित समाजका अगुवा, राजनीतिक दल, सामाजिक सङ्घसंस्था र आम सर्वसाधारणको सुझाव समेटेर समिति अगाडि बढ्ने बताउनुभयो ।

वक्ताहरूले जनसङ्ख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता, प्राकृतिक स्रोतसाधनको उपलब्धता, भाषिक, सांस्कृतिक तथा सामुदायिक बनोटका आधारमा स्थानीय तहको सङ्ख्या र सिमाना हेरफेर गर्नुपर्नेमा जोड दिनुभयो । छलफलमा कास्की-३ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य विना गुरुङ, प्रदेशसभा सदस्य खगराज अधिकारीसहित जनप्रतिनिधि, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि लगायतको सहभागिता रहेको थियो । सुझाव सङ्कलनका क्रममा समितिले सरोकारवालाहरूसँग विभिन्न चरणमा छलफल गर्दै आएको छ ।

पुनरावलोकनसम्बन्धी मापदण्डमा सिमाना हेरफेर गर्न सम्बन्धित स्थानीय तहमा तत्काल कायम रहेको सदस्य सङ्ख्याको दुई तिहाइ बहुमतले पारित गरेर प्रदेश सरकारमा सिफारिस गर्नुपर्ने र त्यसको १५ दिनभित्र प्रदेश सरकारले सङ्घ सरकारलाई सिफारिस गर्नुपर्ने व्यवस्था रहेको बताइएको छ ।

## खुला सीमा नाकालाई सुरक्षित र प्रविधिमैत्री बनाउन निर्देशन

काठमाडौँ । राष्ट्रियसभा, सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको आजको बैठकले देशको खुला सीमाबाट उत्पन्न हुन सक्ने सुरक्षा चुनौतीलाई दृष्टिगत गर्दै सीमा सुरक्षालाई थप प्रभावकारी, व्यवस्थित र प्रविधिमैत्री बनाउन गृह मन्त्रालयलाई निर्देशन दिएको छ ।

समितिको शुक्रबार सिंहदरबारमा बसेको बैठकले सीमा क्षेत्रमा खटिने सुरक्षा निकायलाई आवश्यक जनशक्ति, स्रोतसाधन, आधुनिक उपकरण तथा पूर्वाधारसहित सुदृढ बनाइ आवश्यक स्थानमा पर्याप्त 'बोर्डर आउट पोस्ट' स्थापना गरी सीमा निगरानी र सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन निर्देशन गरेको छ ।

समितिका सभापति जयन्तीदेवी राईले शुक्रबारको समितिको बैठकले सरकारलाई तीन बुँदे निर्देशन दिएको जानकारी दिनुभयो । समितिले लागुऔषध नियन्त्रण, हातहतियार तथा विस्फोटक पदार्थको अवैध ओसारपसार, मानव तस्करी, भन्सार छली, रोहिङ्ग्यालगायत विदेशी नागरिकहरूको अवैध प्रवेश तथा अन्य सीमा अपराधहरूको प्रभावकारी नियन्त्रणका लागि अध्यागमन, भन्सार, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल तथा अन्य सम्बन्धित निकायबीच आवश्यक तथ्याङ्क (डाटा) आदानप्रदान हुने एकीकृत प्रणाली विकास गरी डिजिटल बोर्डर व्यवस्थापन प्रणाली यथाशीघ्र निर्माण तथा कार्यान्वयन गर्न सरकारलाई निर्देशन दिएको छ । त्यसैगरी समितिले सीमा सुरक्षामा खटिने सुरक्षा निकायले सीमा अपराध नियन्त्रण, गस्ती, निगरानी, सूचना आदानप्रदान गर्ने कार्य तथा अन्तरनिकाय समन्वय प्रभावकारी रूपमा सञ्चालन गर्न सक्ने गरी विद्यमान कानुनी व्यवस्थाको पुनरावलोकन तथा आवश्यक नयाँ कानुनी व्यवस्था तर्जुमा गरी सीमा सुरक्षा प्रणालीलाई सुदृढ बनाउनको लागि सरकारलाई निर्देशन गरेको छ ।

## सम्पादकीय ....

### सम्झना पुष्पलालको

नेपाली कम्युनिस्ट आन्दोलनको विकासक्रममा पुष्पलाल श्रेष्ठ, मनमोहन अधिकारी र मदन भण्डारी परस्पर पूरक तीन वैचारिक शिखर हुन् । पुष्पलालले आन्दोलनको वैचारिक आधारशिला निर्माण गरे, मनमोहन अधिकारीले त्यसलाई लोकतान्त्रिक शासन र जनविश्वाससँग जोडे र मदन भण्डारीले 'जनताको बहुदलीय जनवाद'मार्फत बदलिँदो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिअनुसार समाजवादी आन्दोलनलाई नयाँ वैचारिक उचाइ दिए । यी तीन व्यक्तित्वलाई प्रतिस्पर्धी होइन, नेपाली मार्क्सवादको विकासक्रमका निरन्तर र परस्पर पूरक चरणका रूपमा बुझ्नु नै इतिहासप्रतिको न्याय हुनेछ ।

नेपाली कम्युनिस्ट आन्दोलनले ऐतिहासिक उपलब्धिहरू हासिल गरिसकेको भए पनि त्यसको भविष्य सुनिश्चित भइसकेको छैन । वैचारिक विचलन, संगठनात्मक शिथिलता, जनतासँगको कमजोर सम्बन्ध, भ्रष्टाचार, व्यक्तिवाद र सत्ताकेन्द्रित राजनीतिक संस्कृतिले आन्दोलनलाई गम्भीर चुनौती दिएको छ ।

अर्थतन्त्र, जलवायु परिवर्तन, युवाको वैदेशिक पलायन, नयाँ वर्गीय संरचना र विश्वव्यापी पुँजीको विस्तारले नयाँ सामाजिक तथा राजनीतिक प्रश्नहरू जन्माएका छन् । यस्ता चुनौतीको सामना पुराना नाराले होइन, नयाँ यथार्थको वैज्ञानिक विश्लेषण र समयानुकूल वैचारिक पुनर्निर्माणले मात्र गर्न सक्छ ।

यदि पुष्पलाल आज जीवित हुनुहुन्थ्यो भने उहाँले संकटको कारण कुनै एक व्यक्ति वा दलमा होइन, विचार, संगठनात्मक संस्कृति र नेतृत्वको चरित्रमा खोज्नुहुन्थ्यो । सिद्धान्तभन्दा सत्ता, संगठनभन्दा गुट, जनताभन्दा नेता र त्यागभन्दा पदलाई प्राथमिकता दिने प्रवृत्तिले आन्दोलनलाई कमजोर बनाएको उहाँको निष्कर्ष हुन्थ्यो । त्यसैले उहाँका लागि पुनर्गठन भनेको नेतृत्व परिवर्तन मात्र होइन, बरु वैचारिक, राजनीतिक, संगठनात्मक र नैतिक पुनर्जागरणको प्रक्रिया हो। आत्मसमीक्षा, सामूहिक नेतृत्व, संगठनात्मक अनुशासन, जनतासँगको जीवन्त सम्बन्ध, नैतिक राजनीतिक संस्कृति र सिद्धान्तमा आधारित कम्युनिस्ट एकता नै आन्दोलनको पुनर्जीवनका आधार हुन् ।

आज विश्व कृत्रिम बुद्धिमत्ता, डिजिटल प्रविधि, जलवायु संकट र तीव्र वैश्वीकरणको नयाँ चरणमा प्रवेश गरिसकेको छ। यस्तो परिवर्तित युगमा पुष्पलालको विचारलाई अक्षरशः दोहोर्‍याएर होइन, उहाँले अपनाउनुभएको वैज्ञानिक, यथार्थवादी र सिर्जनशील चिन्तनपद्धतिलाई समयअनुकूल विकास गरेर मात्र सान्दर्भिक बनाउन सकिन्छ ।

नेपाली समाजको बदलिँदो वर्गीय संरचना, डिजिटल अर्थतन्त्र, युवाको वैदेशिक पलायन र राष्ट्रिय स्वाधीनतामाथिका नयाँ चुनौतीहरूको वैज्ञानिक विश्लेषण गर्दै जनमुखी नीति निर्माण गर्नु नै उहाँको विचारप्रतिको वास्तविक सम्मान हुनेछ ।

पुष्पलाल श्रेष्ठको सम्पूर्ण जीवनले एउटा स्पष्ट सन्देश दिन्छ– कम्युनिस्ट आन्दोलनको वास्तविक शक्ति सत्ता प्राप्तिमा होइन, विचारको स्पष्टता, नैतिक नेतृत्व, जनविश्वास र राष्ट्रिय हितप्रतिको अडानमा निहित हुन्छ । उहाँप्रतिको सच्चा श्रद्धाञ्जली उहाँका उद्धरण दोहोर्‍याउनुमा होइन, उहाँले प्रतिपादन गर्नुभएको चिन्तनलाई युगअनुकूल व्यवहारमा उतार्नु जरुरी छ ।


### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक



**नीलकण्ठ –३, धादिङबेसी,**
**फोन ०१०–५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com


## तीज गीत : कुनै नयाँ कुनै 'रिमिक्स



मधु शाही

'आज आमैले किन्देको नौरती फुली, भोलि मैसँग होला कि न होला ? आज माइतीले छान्देको नौरङ्गे चोली भोलि मैसँग होला कि न होला…' ।

गायिका एलिना चौहानले हालै सार्वजनिक गर्नुभएको ती शब्दसहितको यो तीज गीतले दर्शक र स्रोताको मन जितेको छ । गीतको चर्चासँगै सामाजिक सञ्जाल फेसबुकमा उहाँको सिर्जनाको समेत दर्शकले खुलेर प्रशंसा गरेका छन् । गीत भनेको त यस्तो हुनुपर्छ भन्दै 'लभ' र 'लाइक'को 'थम्स्'सहितको प्रतिक्रिया दिनेहरुको सङ्ख्यामा लाखौं छ ।

हरितालिका तीज आउन अझै डेढ महिना बाँकी छ । यही मेसोमा कलाकारले तीजका गीतका म्युजिक भिडियो धमाधम बनाउँदै युट्युबमा राख्दै आएका छन् ।

तीज जसरी महिलाका लागि उत्सवको पर्व मानिन्छ उसैगरी कलाकारलाई आफ्नो सिर्जना देखाउने र धन आर्जन गर्ने सुन्दर अवसर बनेको छ । गायिका चौहानसहित उक्त गीतमा रचना रिमाल, मेलिना मैनाली र दीपिका बयम्बुकोसमेत स्वर रहेको छ ।

केही कलाकारले पुराना गीतलाई नै नयाँ शैलीमा पस्किनुभएको छ । गायिका सुनिता दुलालले सिडी र क्यासेटको युगमा बनाएको गीत 'अब त मैले नि झुम्का लगाउँछु…' फेरि नयाँ शैलीमा प्रस्तुत गर्नुभएको छ । दर्शकमाझ आफूलाई चर्चामा ल्याएको गीत यही भएकाले डिजिटल रुपमा जीवन्त राख्न पुनः नयाँ शैलीमा रेकर्ड गरेको उहाँले बताउनुभयो । "पछिल्लो समय कलाकारले डिजिटल प्लेटफर्मले आम्दानी र पहिचान बनाउन सजिलो भएको छ", उहाँले भन्नुभयो, "दर्शकले रिमेक गरेको गीत पनि मन पराउनुभएको छ । खुसी छु ।"

युवा पुस्ताको स्वादअनुसारको गीत बनाउनु पर्ने मान्यताबाट प्रभावित भएका गायक आशीष अविरलले १५ वर्ष पुरानो गीत 'सुनको चुरा औंठी नि सुनकै छ…' गीतको आधुनिक शैली (रिमेक) मा पस्किनुभएको छ । गायत्री थापाको शब्द रहेको त्यस गीतलाई देवी घर्ती र रामजी खाँडले गाउनुभएको थियो । अहिले रिमेकमा गायक अविर र गायिका मेलिना राइले स्वर भर्नुभएको छ ।

गीतको भाव र शब्द मीठास भएकाले अहिलेको पुस्तालाई नयाँ शैलीमा सुनाउन गीतको रिमेक गरिएको गायक अविरलले बताउनुभयो । उहाँले भन्नुभयो, "अचेल युवा 'फास्ट ट्र्याक'का गीत मन पराउँछन् । हामीले नयाँ पुस्तालाई लक्षित गरी गीत 'रिमेक' गर्यौं ।" उक्त गीतको म्युजिक भिडियोमा प्रकाश सपुत र उषा उप्रेतीको अभिनय रहेको छ ।

गायिका रितु कँडेलले प्रत्येक तीजमा एउटा नयाँ गीत रेकर्ड गर्नुहुन्छ । उहाँले सधैं एकल स्वरमा निकाल्ने तीज गीत अहिले पुरुष गायकसँग सहकार्य गरेको बताउनुभयो । गायिका कँडेलका अनुसार विगतमा भन्दा अहिले पुराना र मौलिक भाकाका गीत सिर्जना गर्ने परिपाटी छ । यद्यपि सङ्गीत संयोजन समय सापेक्ष बनाए पनि शब्द चयनमा मौलिकता खोज्न थालिएको उहाँको अनुभव छ ।

डिजिटल युगले कला र संस्कृतिको सौन्दर्य व्यापक बनाउन सघाएको पनि गायिका कँडेलको बुझाइ छ ।

रितुले रिल्स र टिकटक प्लेटफर्ममा गीत राखेर धेरै दर्शकको मन जित्न सकिएको भएपनि यसको नकारात्मक असरसमेत रहेको बताउनुभयो ।

"अचेल डिजिटल प्लेटफर्मले कोठामा र मोबाइलमा तीज पर्व सीमित भएको छ", उहाँले भन्नुभयो, "तर कलाकारका लागि भने डिजिटल प्लेटफर्म आयआर्जनको प्रभावकारी स्रोत बनेको छ ।"

गायिका लक्ष्मी न्यौपाने तीज गीतमा मौलिकता र सांस्कृतिक पक्ष झल्किनु पर्ने मान्यता राख्नुहुन्छ । त्यसैले उहाँले विगतमा निकाल्दै आउनुभएका गीतमा गाउँ घरको परिवेश, चेलीबेटीको वेदना र माइतीको सम्झनाका भावनाहरु समेटिएका हुन्छन् । गत वर्ष 'म त मसक्कै…' शीर्षकको गीत निकाल्नुभएको उहाँले यो वर्ष पनि मौलिक भाका र लय झल्किने तीज गीत सार्वजनिक गर्ने तयारीमा हुनुहुन्छ ।

हरेक वर्ष तीज गीतले नयाँ कलाकारसमेत जन्माउँछ भने पुराना गायक गायिकाले अनिवार्य रुपमा गीत सिर्जना गर्ने परम्परा बसेको देखिन्छ । त्यसमा कलाकारहरु विष्णु माझी, शान्तारानी परियार, शान्तिश्री परियार, कोमल बली, सिन्धु मल्ललगायतका गायिकाको गीत सुन्न दर्शक उत्साहित देखिन्छ ।

यति मात्रै होइन, तीज गीतमा पुरुष कलाकारको रोजाइ पनि उत्तिकै आकर्षक बन्दै गएको छ । सात वर्ष अघि गायक दुर्गेश थापाको 'हामी पनि नाच्नु पर्छ बीच्च बीच्चमा…' बोलको तीज गीतले निकै लोकप्रियता कमाएको थियो । यस वर्षको तीजमा भने दुर्गेशको गीत अलिक फरक छ । 'बर्खे झरीमा यसपालीको तीजमा नाचौं नाचौं हो, हजुर रातो सारीमा…' बोलको तीज गीतमा दुर्गेश आफैं महिलाको वेशभूषामा देखिनुभएको छ । साथै अभिनेत्री प्रियंका कार्कीको समेत नृत्य रहेको छ ।

यसैगरी, तीज गीत पस्किने गायक पुरुषमा खेम सेन्चुरी, पशुपति शर्मा, अर्जुन सापकोटालगायत कलाकार रहेका छन् ।

युट्युबमा यो वर्ष अन्जिता विश्वकर्माको स्वरमा रहेको गीत 'पराइको शासन' ले नारी वेदना बुनेको छ । 'एक धर्को सिन्दुरले बन्धनमा पार्यो आमा…' बोलको गीतले सामाजिक बन्धनमा परेको चेलीले अधिकारका लागि विद्रोह गरेर स्वतन्त्र हुने आँट गरेको दृश्यसमेत भिडियोमा देख्न सकिन्छ ।

त्यस्तै, वैदेशिक रोजगारमा जानुपर्ने छोराको बाध्यता र विवाह गरेर माइती घर छोड्नुपर्ने छोरीका परम्परागत नियतीमाथि पनि तीजका गीत रचिएका छन् । तीज गीतको परम्परागत दायरा पछिल्लो समय फराकिलो हुँदै गएको कलाकारहरुको धारणा छ ।

राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानका अध्यक्ष रीता थापामगरका अनुसार तीज पर्व नेपाली नारीहरूको महान पर्व हरितालिका तीजसँग जोडिएको एक विशिष्ट लोक सांस्कृतिक विधा हो ।

उहाँले तीज गीतको प्रारम्भ यही कालबाट भएको हो भन्ने यकिन नभएपनि महिलाका वेदना र मुक्तिको अभिव्यक्ति पौराणिक संस्कृति रहेको बताउनुभयो । उहाँले विगतमा तीज गीतमार्फत समाजमा पितृसत्तात्मक व्यवस्थाले महिलामाथि पारेको दमन, घरपरिवारको हेला, माइतीप्रतिको सुदूर स्नेह र वेदनालाई गीतका माध्यमबाट पोख्ने चलन रहेको सुनाउनुभयो । साउने सङ्क्रान्तिको विधि पूरा गरिसकेपछि तीज गीत गाउन थाल्ने मौलिक परम्परा भएपनि अचेल आधुनिकतासँगै तीज गीतका स्वरूपमा केही परिवर्तन आएको प्रतिष्ठानका अध्यक्ष मगरले बताउनुभयो ।

"यसलाई दुई तरिकाले हेर्न सकिन्छ, पहिलो त महिला केबल पीडा र वेदना मात्र होइन, आफ्ना अधिकार, सफलता, र चेतसम्बन्धी विषय पनि गर्वका साथ प्रस्तुत गर्न थालेका छन्", उहाँले भन्नुभयो, "अर्कोतर्फ भद्दा पहिरन, सतही शब्द र केबल सस्तो मनोरञ्जन, भाइरल हुने रहर वा युट्युब भ्युज कमाउने होडबाजी नै चलेको छ ।" त्यसका निम्ति द्विअर्थी शब्द, अश्लील प्रस्तुति वा जसरी पनि चर्चामा रहने 'अटेन्सन सिकर' प्रवृत्तिले विकृति पनि ल्याएको उहाँ स्वीकार गर्नुहुन्छ ।

प्रतिष्ठानका अध्यक्ष मगरका अनुसार एकाध गीत बाहेक अधिकांश गीतको मौलिकता हराउँदै गएर पप, र्‍याप वा डिजे शैलीको प्रभाव बढेको छ । तीजको गरिमा र पवित्रतामा आँच आउनुले सांस्कृतिक चिन्ताको विषय बढ्दै गएको उहाँको धारणा छ । प्रतिष्ठानले तीज गीत मात्र नभएर समग्र विकृत सङ्गीतले समाजमा पार्ने प्रभाव र यसलाई विकृतिमुक्त बनाउन यथेष्ट प्रभावकारी कदमहरु चाल्दै आइरहेको पनि छ ।

प्रतिष्ठानले समय-समयमा औपचारिक विज्ञप्ति जारी गर्दै दोहोरी साँझ, मेला, महोत्सव टिकटक तथा अन्य सामाजिक सञ्जालमा प्रयोग हुने अमर्यादित, भद्दा र उच्छृङ्खल शब्द तथा दृश्यहरू तुरुन्त बन्द गर्न कडा आग्रह गर्दै आएको अध्यक्ष मगरले प्रष्ट पार्नुभयो । "आफ्ना आबद्ध कलाकार, सर्जक, सङ्गीतकर्मीलाई पेसागत आचारसंहिता पालना गर्न सचेत गराएको छ र कारबाहीसमेत गरेको छ", उहाँले भन्नुभयो ।

त्यस्तै, प्रतिष्ठानले डिजिटल माध्यम र सार्वजनिक मञ्चमा देखिएका अश्लीलतालाई नियन्त्रण गर्न गृह मन्त्रालय, साइबर ब्युरो, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग समन्वय गर्दै कानुनी दायरामा ल्याएको पनि उहाँले बताउनुभयो । यसैगरी नजिकिँदै गरेको तीज लक्षित सिर्जनाको मौलिकता, यसको सामाजिक, धार्मिक महत्वका साथै प्रभावका सम्बन्धमा कलाकारलाई सचेतनामूलक कार्यक्रमको आयोजना गर्दै आएको उहाँले जानकारी दिनुभयो ।


## बालबालिकालाई डिजिटल जोखिमबाट सुरक्षित गरौं

- **बालबालिकालाई सुरक्षित र जिम्मेवार डिजिटल प्रयोगबारे सचेत गराऔं,**
- **व्यक्तिगत विवरण, पासवर्ड र गोप्य जानकारी सुरक्षित राख्न सिकाऔं,**
- **अपरिचित व्यक्तिसँग अनलाइन सम्पर्क गर्दा सावधानी अपनाऔं,**
- **शंकास्पद लिंक, सन्देश र सामग्रीबाट टाढा रहन प्रेरित गरौं,**
- **इन्टरनेट प्रयोगमा अभिभावकीय निगरानी र संवाद बढाऔं,**
- **सामाजिक सञ्जालको सकारात्मक र मर्यादित प्रयोग गरौं,**
- **अनलाइन दुर्व्यवहार भए/गरेको पाइएमा नजिकको प्रहरी कार्यालयमा खबर गरौं ।**

**प्रविधिको सही प्रयोगमार्फत बालबालिकाको सुरक्षित भविष्य निर्माण गरौं**

**नेपाल सरकार,**
**विज्ञापन बोर्ड**

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

## क्यान्सर अस्पतालसम्म नगर बस सञ्चालन गरिँदै

नेपालगन्ज। बाँकेको बैजनाथ गाउँपालिकाको सम्झना चोकबाट खजुरास्थित सुशील कोइराला प्रखर क्यान्सर अस्पतालसम्म नगर बस सञ्चालन हुने भएको छ। क्यान्सर अस्पतालको आग्रहमा बागेश्वरी यातायात प्रालिले क्यान्सरका बिरामीको आवागमन सहजताका लागि अस्पतालसम्म पुग्नेगरी नगर बस सञ्चालन गर्ने भएको हो।

क्यान्सर अस्पतालका कार्यकारी निर्देशक डा निरज भट्टराई र बागेश्वरी यातायात प्रालिका अध्यक्ष मनप्रसाद आचार्यबीच आज ४० किलोमिटर नगर बस सञ्चालनसम्बन्धी सहमति भएको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका सहकोषाध्यक्ष शोभाखर पौडेलले जानकारी दिनुभयो।

दुर्गम गाउँबाट अस्पतालसम्म पुग्न बिरामीले सवारीसाधन अभावमा भोग्दै आएका समस्या समाधान गर्दै बिरामीको सहजीकरणका लागि अस्पतालको आग्रहमा बस सञ्चालन गर्न थालिएको प्रालिका अध्यक्ष आचार्यले बताउनुभयो। उहाँले पहिलो चरणमा सम्झना चोकबाट क्यान्सर अस्पतालको गेटसम्म दुईवटा बस सञ्चालन गरिने बताउँदै बिरामीको चाप र आवश्यकतालाई हेरेर पछि सेवा थप गर्न सकिने उल्लेख गर्नुभयो। अस्पतालसम्म सिधैँ आउने सवारीसाधन नपाएर अलमलमा पर्ने गरेका बिरामीलाई नगर बस सञ्चालनले सहज हुने अस्पतालका कार्यकारी निर्देशक डा भट्टराईको भनाइ छ। अध्यक्ष आचार्यका अनुसार अर्को सातादेखि सञ्चालन हुने नगर बसले खजुराबाट नेपालगन्जका लागि रु ४०, राँझा चोकसम्म रु ५०, कोहलपुरसम्मका लागि रु १०० र सम्झना चोकसम्मका लागि रु१२५ सेवा शुल्क तोकिएको छ। कर्णाली, सुदूरपश्चिम तथा लुम्बिनी प्रदेशका विभिन्न जिल्लाबाट क्यान्सरको उपचार गर्न खजुरा क्यान्सर अस्पताल आउने बिरामीले अस्पतासम्म पुग्ने सवारीसाधन नपाउँदा समस्या भोग्दै आएका थिए।

## सीमावर्ती क्षेत्रको समस्या पहिचान भइसक्योँः गृहमन्त्री

काठमाडौँ। गृहमन्त्री सुधन गुरुङले देशको दक्षिणी सीमा क्षेत्रमा स्थलगत अध्ययन र 'स्ट्रिङ्ग अपरेसन' गरेर समस्या पहिचान भइसकेकाले सरकार अब समस्या समाधान गर्नेतर्फ अग्रसर भइरहेको बताउनुभएको छ।

राष्ट्रियसभा, सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको शुक्रबारको बैठकमा दक्षिणी सीमा क्षेत्रका नागरिकको शान्ति, सुरक्षाका सम्बन्धमा सांसदहरूले राख्नुभएको जिज्ञासाको जवाफ दिँदै गृहमन्त्री गुरुङले सीमावर्ती क्षेत्रमा देखिएका समस्या समाधानका लागि सरकारले अधिकतम प्रयास गरेको स्पष्ट पार्नुभयो। "मधेस, कर्णाली र सुदूरपश्चिम प्रदेशका जनताका समस्या पहिचान गर्न म आफैँ स्थलगत अध्ययन गर्न स्ट्रिङ्गि अपरेसनमा खटिएँ। अहिले समस्याको पहिचान गर्ने काम भइसकेको छ", उहाँले भन्नुभयो, "आगामी दिनमा खुला सीमावर्ती क्षेत्रमा देखिएका समस्या समाधान गर्नेतर्फ अग्रसर हुनेछौँ।"

गृहमन्त्री गुरुङले नेपालको सीमावर्ती क्षेत्रमा रहेका सुरक्षाकर्मीलाई प्रभावकारी रूपमा स्थलगत काममा खटाउन आवश्यक स्रोतसाधनको उचित व्यवस्था गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। "विना स्रोतसाधन र सुरक्षाको पर्याप्त प्रत्याभूति नभइकन प्रहरीको कमाण्डरले प्रहरी जवानलाई नदीमा हामफाल्न निर्देशन दिन मिल्दैन", उहाँले भन्नुभयो, "म प्रहरी जवानको अभिभावक भएकाले पर्याप्त स्रोतसाधन र उपकरण विना नदीमा हामफाल्नका लागि निर्देशन गर्न सक्दिन।"

गृहमन्त्री गुरुङले चालु आर्थिक वर्षको बजेटमार्फत प्रहरीलाई स्रोतसाधनयुक्त बनाउन खोजिएको बताउनुभयो। खुला सीमावर्ती क्षेत्रमा 'इन्फारेडयुक्त ड्रोन क्यामेरा' सहित अत्याधुनिक उपकरणबाट सीमा क्षेत्रमा अनुगमन र निरीक्षण गर्ने तयारीमा मन्त्रालय जुटेको उहाँले जानकारी दिनुभयो। बैठकमा प्रहरी महानिरीक्षक दानबहादुर कार्की, सशस्त्र प्रहरी महानिरीक्षक नारायणदत्त पौडेल लगायतले खुला सीमावर्ती क्षेत्रमा हुने चोरीपैठारी र निकासीको बारेमा सुरक्षा निकायको तर्फबाट सम्पादन गरिएका छन्। त्यसैगरी उक्त कार्यका बारेमा जानकारी गराउनुभएको थियो।

छलफलका क्रममा राष्ट्रिय सभाका सांसदहरूले भारतीय सशस्त्र सीमा बलले सुस्तालगायत क्षेत्रमा नेपाली भूमिमाथि गरेको अतिक्रमण, हेपाहा प्रवृत्ति, सीमावर्ती क्षेत्रका जनताले दैनिक उपभोग्य सामान ल्याउँदा भोग्नुपरेको समस्या, बर्खायाममा नेपाली कृषकले भारतीय बजारबाट रासायनिक मल ल्याउँदा भोग्नुपरेको समस्याको विषयमा गृहमन्त्री तथा सुरक्षा निकायको ध्यानाकर्षण गराउनुभएको थियो।

## काठमाडौँ प्रहरीका ६१ प्रतिशत मुद्दाको डिजिटल अभिलेख

काठमाडौँ। जिल्ला प्रहरी परिसर काठमाडौँले परिसर र मातहत दर्ता भएकामध्ये ६१ प्रतिशत बढी मुद्दाको 'डिजिटल अभिलेख' तयार गरेको छ।

गत असार मसान्तसम्म दर्ता भएका कुल ११ हजार ७८ मध्ये छ हजार ८६१ मुद्दाका फाइल स्क्यान गरिएको परिसरका प्रवक्ता एवं प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले जानकारी दिनुभयो। परिसरका दुई हजार ८७, महाराजगञ्ज वृत्तका ३८८, बौद्धका ७१४, गौशालाका ३९०, बानेश्वरका ३६६, कालिमाटीका ५७५, कीर्तिपुरका ९०, थानकोटका ३९७, स्वयम्भूका ४१०, बालाजुका ४५७, लैनचौरका ३३४, दरबारमार्गका १३५, जनसेवाका २४६, सिंहदरबारका १२९ र वृत्त मालिगाउँका १४३ मुद्दा स्क्यान गरिएका छन्। परिसरमा आज आयोजित पत्रकार सम्मेलनमा प्रहरी उपरीक्षक भट्टराईले तस्करी, लागुऔषध ओसारपसार, ठगी, चोरी, जबरजस्ती करणीलगायत आपराधिक पृष्ठभूमि भएका एक हजार ८७१ जनाको 'प्रोफाइल' तयार पारिएको बताउनुभयो। परिसरबाट प्रदान हुँदै आएका सेवालाई प्रविधिमैत्री बनाउँदै लगिएको जानकारी दिँदै उहाँले पुस महिनादेखि असारसम्म अनलाइनबाट दुई हजार २७६ मुद्दाको म्याद थप गरिएको बताउनुभयो। गत आवमा ११ हजार ७८ मुद्दा दर्ता भएकामा आठ हजार ५८१ अभियुक्तलाई पक्राउ गरिएको छ।

आर्थिक वर्ष २०८२/८३ मा घटेका मुख्य अपराधको सङ्ख्या ८५ प्रतिशतभन्दा बढी रहेको छ। परिसरका अनुसार सबैभन्दा बढी बैंकिङ कसुरका चार हजार ४७९, अभद्र व्यवहारका एक हजार ७०२, चोरीका एक हजार ८९, लागुऔषधका ६७०, ठगीका ६३८, अपराधिक उपद्रवका १७५, आत्महत्याका ३४९, जबरजस्तीकरणीका २६९, ज्यानमार्ने उद्योगका १२२ र सवारी ज्यानका ९९ वटा घटना भएका थिए।

लागुऔषधसम्बन्धी कसुरमा मुद्दा दर्ता बढ्यो

पछिल्लो तीन वर्षमा लागुऔषध कसुरसम्बन्धी मुद्दा दर्ता गर्ने क्रम बढेको छ। गत आवमा सोसम्बन्धी ६७० मुद्दा दर्ता भएका थिए। आर्थिक वर्ष २०८१/८२ मा ४३१ र आव २०८०/८१ मा ३३३ वटा मुद्दा दर्ता भएका परिसरका प्रवक्ता भट्टराईले जानकारी दिनुभयो। गत आवमा फैसला कार्यान्वयन गर्ने क्रममा दुई हजार ४०७ जना पक्राउ परेका थिए। सोबापत रु २२ करोड ६४ लाख ८६ हजार २४० जरिवाना र ५१९ वर्ष आठ महिना नौ दिन कैद असुल भएको छ।

आर्थिक वर्ष २०८२/८३ मा क्यासिनो ठगी, नक्कली पैसा छपाइ, हुण्डी तथा अभौतिक मुद्रा कारोबारमा संलग्नलाई कारबाही गरिएको परिसरका प्रवक्ता भट्टराईले बताउनुभयो।

## कांग्रेस र नेकपा कर्णालीमा नयाँ सरकार गठन गर्ने गृहकार्यमा

कर्णाली। कर्णाली प्रदेशमा प्रमुख प्रतिपक्षी दल नेपाली कम्युनिष्ट पार्टी (नेकपा) र नेपाली कांग्रेसले नयाँ सरकार गठन गर्ने गृहकार्य थालेका छन्। मुख्यमन्त्री यामलाल कँडेलको विकल्प खोज्दै कांग्रेस र नेकपाले सहकार्य गर्दै नयाँ सरकार बनाउने तयारी गरेका हुन्।

गत असार ३१ गते सत्तासाझेदार दल कांग्रेसका चार मन्त्रीहरुले प्रदेश सरकारबाट राजीनामा दिएपछि अल्पमतमा परेका मुख्यमन्त्री कँडेलविरुद्ध असार ३२ गते कांग्रेस संसदीय दलका नेता जीवनबहादुर शाहीलाई मुख्यमन्त्रीमा अगाडि सार्दै नेकपाका ११ र कांग्रेसका पाँच गरी १६ प्रदेशसभा सदस्यहरुले अविश्वासको प्रस्ताव प्रदेशसभा सचिवालयमा दर्ता गराएका थिए।

उक्त प्रस्ताव दर्ता गरेको एक हप्तापछि सभामुख नन्दा गुरुङले यही साउन ७ गते बैठक बोलाउनुभएको थियो। सभामुख गुरुङले बिहीबार बोलाउनुभएको बैठक विशेष कारणवश बस्न नसकेको सूचना सार्वजनिक गर्दै यही साउन ९ गते दिउसो ३:०० बजे बस्ने तय भएको जानकारी दिनुभयो। कर्णाली प्रदेशसभामा नेकपाका नेता मङ्गलबहादुर शाहीले असार ३२ गते प्रदेशसभा सचिवालयमा पेस गर्नुभएको मुख्यमन्त्री कँडेल विरुद्धको अविश्वास प्रस्तावका पक्षमै मतदान गरेर नयाँ सरकार गठन प्रक्रियामा अगाडि बढ्ने बताउनुभयो।

"हामी आफ्नो निर्णयका आधारमा अगाडि बढ्छौँ," उहाँले भन्नुभयो, "अब कांग्रेसको नेतृत्वमा सरकार गठन हुन्छ। नेकपाले त्योभन्दा अरु फरक कुनै देखेको छैन र सम्भव पनि हुँदैन।" कर्णाली प्रदेशसभामा कांग्रेसका प्रमुख सचेतक हिक्मत विष्टले नेकपासँग भएको समझदारीका आधारमा नै कांग्रेस अगाडि बढेको बताउनुभयो। उहाँले भन्नुभयो, "नेकपाकै समर्थनमा हाम्रो दलको नेतालाई सरकारको नेतृत्व गर्ने सहमतिबाट मुख्यमन्त्री प्रस्ताव गरेर अगाडि बढेका हौँ। अब छिट्टै कांग्रेस र नेकपाको समीकरणमा नयाँ सरकार गठन हुन्छ।"

## पीएलए र नेपाली सेनाबीचको सम्बन्ध नयाँ उचाइमा पुगेको छः प्रधानसेनापति

काठमाडौँ। प्रधानसेनापति अशोकराज सिग्देलले चिनियाँ जनमुक्ति सेना (पीएलए)ले पञ्चशीलको सिद्धान्तमा आधारित नेपाल-चीन सम्बन्धको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउनुभएको छ। चीनको जनमुक्ति सेना (पीएलए) स्थापना भएको ९९औँ वार्षिकोत्सवका अवसरमा काठमाडौँ स्थित चिनियाँ दूतावासले शुक्रबार आयोजना गरेको स्वागत समारोहलाई सम्बोधन गर्दै उहाँले नेपाली सेना र पीएलएबीचको सम्बन्ध सुदृढ रहेको तथा निरन्तर प्रगाढ बन्दै गएको बताउनुभयो।

प्रधानसेनापति सिग्देलले दुई सेनाबीच हुने नियमित उच्चस्तरीय भ्रमण तथा आदानप्रदानले द्विपक्षीय सैनिक सम्बन्धलाई नयाँ उचाइमा पुर्‍याएको उल्लेख गर्दै संयुक्त सैनिक अभ्यासले आपसी विश्वास, समझदारी र सहकार्यलाई थप गहिरो बनाएको बताउनुभयो। उहाँले आगामी दिनमा पनि नेपाली सेना र पीएलएबीचको सहकार्य अझ विस्तार भई नेपाल-चीनमैत्री सम्बन्धलाई थप सुदृढ बनाउने विश्वास व्यक्त गर्नुभयो।

सो अवसरमा नेपालका लागि चिनियाँ राजदूत चाङ माओमिङले विगत ९९ वर्षमा पीएलएले चीनको राष्ट्रिय स्वतन्त्रता, मुक्ति, सार्वभौमसत्ता, सुरक्षा तथा विकासमा महत्वपूर्ण योगदान पुर्‍याएको बताउनुभयो। विज्ञान तथा प्रविधिको तीव्र विकाससँगै पीएलएको आधुनिकीकरण उल्लेखनीय रूपमा अघि बढेको उल्लेख गर्दै उहाँले त्यसले विश्व शान्तिमा समेत सकारात्मक योगदान पुर्‍याएको बताउनुभयो। राजदूत चाङले मानवीय सहायता, विपद् उद्धार तथा संयुक्त राष्ट्रसङ्घीय शान्ति स्थापना अभियानमा चीनले सक्रिय सहभागिता जनाउँदै आएको उल्लेख गर्नुभयो। संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्का स्थायी सदस्य राष्ट्रहरूमध्ये चीन शान्ति सैनिक योगदान गर्ने सबैभन्दा ठूलो मुलुक रहेको तथा नेपाल विश्वका प्रमुख शान्ति सैनिक योगदानकर्ता मुलुकहरूमध्ये एक रहेको बताउनुभयो।

नेपाल र चीनबीचको मैत्री सम्बन्ध दीर्घकालीन, पारस्परिक सम्मान र समानतामा आधारित रहेको उल्लेख गर्दै उहाँले दुवै देशबीचको व्यावहारिक सहयोग तथा मैत्रीपूर्ण सम्बन्ध आगामी दिनमा अझ सुदृढ हुने विश्वास व्यक्त गर्नुभयो।

समारोहमा चिनियाँ जनमुक्ति सेनाका वरिष्ठ कर्णेल चौ जुनले नयाँ युगको आवश्यकताअनुसार पीएलए निरन्तर आधुनिकीकरण हुँदै गएको तथा राष्ट्रिय सार्वभौमसत्ता, सुरक्षा र विकासका हितहरूको संरक्षणमा प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले चीनले नेपालसँगको सैनिक सम्बन्धलाई उच्च महत्त्व दिएको उल्लेख गर्दै उच्चस्तरीय भ्रमण, संयुक्त अभ्यास तथा अन्य पारस्परिक हितका क्षेत्रमा सहकार्य अझ विस्तार हुने विश्वास व्यक्त गर्नुभयो।

समारोहमा सरकारका उच्चपदस्थ अधिकारी, कूटनीतिक नियोगका प्रमुख तथा प्रतिनिधि, सुरक्षा निकायका प्रमुख, नेपाली सेनाका बहालवाला तथा अवकाशप्राप्त अधिकारी तथा विभिन्न क्षेत्रका विशिष्ट व्यक्तित्वहरूको उपस्थिति थियो।

## इतिहासको असल पक्षको अनुसरण गर्न सके मात्र वर्तमानलाई न्याय गर्न सकिन्छः राष्ट्रपति पौडेल

काठमाडौँ। राष्ट्रपति रामचन्द्र पौडेलले पुर्खाले गरेको त्याग, बलिदान, साहस र वीरताका कारण आज नेपाली भइ शिर उँचो बनाएर गौरवका साथ उभिन सकेका बताउनुभएको छ।

राष्ट्रिय विभूति भीमसेन थापाको २२५औँ जन्मजयन्ती तथा पुरस्कार एवं सम्मान कार्यक्रमलाई शुक्रबार सम्बोधन गर्दै राष्ट्रपति पौडेलले इतिहासको असल पक्षको अनुसरण गर्न सके मात्र वर्तमानलाई न्याय गर्न सक्ने बताउनुभयो।

उहाँले भन्नुभयो, "हामीले इतिहासको असल पक्षको अनुसरण गर्न सके मात्र वर्तमानलाई न्याय गर्न सक्छौँ। म यसले नै भविष्य निर्माणको सुनौलो बाटो पनि तय गर्छ भन्ने ठान्दछु।"

राष्ट्रपति पौडेलले वीर पुर्खाले हाम्रो राष्ट्र, राष्ट्रियता, राष्ट्रिय अखण्डता एवं सार्वभौमसत्ताका लागि गरेको बलिदान र पुर्‍याएको योगदान स्तुत्य भएको बताउनुभयो। उहाँले आपसी भाइचारा, मित्रता, सहिष्णुता र एकताको जगमा राष्ट्रिय एकतालाई मजबुत बनाउँदै राष्ट्रप्रेमप्रतिको अगाध आस्था तथा प्रतिबद्धतालाई किमार्थ विचलित हुन दिन नहुने स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो, "यही एकताको बलमा नै मुलुकलाई समृद्ध बनाउँदै भावी पुस्तामा राष्ट्रप्रेमको भावधारा जागृत गर्दै अघि बढ्नुपर्दछ। हामी सबै मिलेर भ्रष्टाचार, विकृति र विसङ्गति अन्त्य गरी सुशासनका माध्यमबाट देश विकासको कामलाई तीव्र बनाउन जुटौँ। यही नै राष्ट्रिय विभूति भीमसेन थापासहित हाम्रा वीर पुर्खाप्रतिको सच्चा सम्मान हुनेछ।"

राष्ट्रपति पौडेलले बहुआयामिक व्यक्तित्वको छवि बनाउनुभएका भीमसेना थापा राष्ट्र, राष्ट्रियता, राष्ट्रिय अखण्डता र सार्वभौमसत्ता विरुद्ध कहिल्यै नझुकेको उल्लेख गर्दै देशभक्ति उहाँको मूलमन्त्र भएको बताउनुभयो। उहाँले भन्नुभयो, "अङ्ग्रेजसँग भएको युद्धमा ठूलो मूल्य चुकाउनुपरे पनि उहाँको राष्ट्रभक्तिकै अडानले नेपाल स्वतन्त्र रहन सक्यो।" थापा एक इमानदार र कुशल प्रशासक भएको उल्लेख गर्दै राष्ट्रपति पौडेलले आफ्नो शासनकालमा सामाजिक, आर्थिक, कानुनी, सेनाको आधुनिकीकरणलगायत क्षेत्रमा गर्नुभएको सुधारका कार्य प्रशंसनीय रहेको बताउनुभयो। कार्यक्रममा सीमाविद् बुद्धिनारायण श्रेष्ठलाई सम्मान गरिएको छ।

## सिलिण्डर विष्फोट हुँदा एकको मृत्यु, एक घाइते

चितवन। भरतपुर महानगरपालिका-१६ मा सिलिण्डर विष्फोट हुँदा एक जनाको मृत्यु भएको छ भने एक जना गम्भीर घाइते भएका छन्। जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी उपरीक्षक रामेश्वर पौडेलका अनुसार शुक्रबार दिउँसो करिब ३:२० बजेको समयमा रोयल फर्मासिटीकल्स उद्योगको दोस्रो तल्लामा 'एयर कन्डिस्नर (एसी)' को 'कुलिङ ग्यास' भर्ने क्रममा सिलिण्डर पड्किएको थियो।

सिलिण्डर पड्किँदा त्यहीँ काम गरिरहेका भरतपुर महानगरपालिका-१२ का ३० वर्षीय प्रमोद कोइराला र पर्सा जिल्ला पर्टेर्वा सुगौली गाउँपालिका-५ का २८ वर्षीय इम्तियाज देवान गम्भीर घाइते हुनुभएको थियो। घाइतेमध्ये कोइरालालाई उपचारका लागि भरतपुर अस्पताल ल्याइएकोमा दिउँसो करिब ४:०५ बजे चिकित्सकले मृत घोषणा गरेका प्रहरी उपरीक्षक पौडेलले जानकारी दिनुभयो। अर्का घाइते देवानको चितवन मेडिकल कलेजमा उपचार भइरहेको छ। उहाँको अवस्था गम्भीर रहेको उहाँले उल्लेख गर्नुभयो। दुवै जना रोयल फर्मासिटीकल्स उद्योगमा एसीमा ग्यास भर्नका लागि त्यहाँ जानुभएको थियो।

## बालसुधार गृहका बालकमा छाला रोगको सङ्क्रमण

नेपालगञ्ज। बाँकेको डुडुवा गाउँपालिका-६ आसमानपुरस्थित जयेन्दु बालसुधार गृहमा रहेका अधिकांश बालकमा छाला रोगको सङ्क्रमण देखिएको छ।

भेरी अस्पताल नेपालगञ्जले आफ्नो १३६औँ स्थापना दिवसको अवसरमा शुक्रबार सञ्चालित स्वास्थ्य शिविरमा गरिएको स्वास्थ्य परीक्षणबाट ती बालकमा छाला रोग सङ्क्रमण देखिएको हो।

भेरी अस्पतालले एडभोकेसी फोरम नेपाल र जयेन्दु बालसुधार गृहसँगको समन्वय तथा सहकार्यमा आयोजना गरेको शिविरमा सुधार गृहमा रहेका १७३ बालकमध्ये ९८ जनाले विशेषज्ञ स्वास्थ्य परीक्षण तथा निःशुल्क औषधि सेवा प्राप्त गरेका छन्। स्वास्थ्य परीक्षणपछि आठ जनालाई थप उपचारका लागि भेरी अस्पताल पठाइएको गरिएको छ।

शिविरमा मनोसामाजिक परामर्श तथा प्रजनन स्वास्थ्यसम्बन्धी परामर्श सेवा उपलब्ध गराइएको थियो। स्वास्थ्य परीक्षणका क्रममा सबैभन्दा बढी छाला रोगका बिरामी भेटिएका छन्। परीक्षण गरिएका ९८ बालकमध्ये ७३ जनामा छाला रोग, १४ जनामा मेडिसिनसम्बन्धी समस्या, १२ जनामा नाक-कान-घाँटीसम्बन्धी समस्या, पाँच जनामा मानसिक स्वास्थ्य समस्या तथा चार जनामा दन्तसम्बन्धी समस्या देखिएको स्वास्थ्य टोलीले जनाएको छ। केही बालकमा एकभन्दा बढी स्वास्थ्य समस्या समेत रहेको चिकित्सकहरूले बताएका छन्।

छाला तथा यौनरोग विशेषज्ञ डा सुवास पौडेलका अनुसार अधिकांश बालकमा लुतो र दादजस्ता सङ्क्रामक छाला रोग देखिएको छ। सुधार गृहमा बसोबास, सरसफाइ तथा व्यक्तिगत स्वास्थ्य व्यवस्थापनमा थप सुधार आवश्यक रहेको उहाँको भनाइ छ।

नाक-कान-घाँटी विशेषज्ञ डा दिनेश चौधरीले केही बालकमा कान पाक्ने, सुनाइ कम हुनेलगायतका समस्या देखिएका छन् भने दन्तरोग विशेषज्ञ डा विवेककुमार महतोले दाँतमा कीरा लाग्ने, गीजा सुन्निने तथा दन्तहर्षजस्ता समस्या बढी देखिएको बताउनुभयो। कन्सल्टेन्ट फिजिसियन डा सङ्केत रिसालका अनुसार पेट दुख्ने, कमजोरी महसुस हुने र छाती दुख्ने समस्या भएका बालक पनि भेटिएका छन्। शिविरमा मेडिसिन, छाला तथा यौनरोग, मानसिक स्वास्थ्य, बालरोग, दन्त, नाक-कान-घाँटी सेवा, मनोसामाजिक परामर्श तथा प्रजनन स्वास्थ्यसम्बन्धी विशेषज्ञ सेवा प्रदान गरिएको थियो।

सो अवसरमा भेरी अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा नवीन दर्नालले बाँके जिल्ला अदालतसँग भएको पूर्वसम्झौताअनुसार अबदेखि जयेन्दु बालसुधार गृहमा नियमित मासिक स्वास्थ्य शिविर सञ्चालन गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

जग्गादाता समाजसेवी जयकेश सिंहले बालसुधार गृहलाई वास्तविक अर्थमा सुधार र पुनःस्थापनाको केन्द्रका रूपमा विकास गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। एडभोकेसी फोरम नेपालका वरिष्ठ प्रदेश संयोजक तथा कार्यक्रम सञ्चालक अधिवक्ता वसन्त गौतमले कानुनी विवादमा परेका बालकहरूले पनि शिक्षा, स्वास्थ्यलगायत संविधान र बालअधिकारसम्बन्धी कानुनले सुनिश्चित गरेका आधारभूत अधिकार पूर्णरूपमा उपभोग गर्न पाउनुपर्ने बताउनुभयो।

## प्रादेशिक अस्पताललाई ५० थान फलामे बेन्च प्रदान

भद्रपुर (झापा)। प्रादेशिक अस्पताल भद्रपुरलाई शुक्रबार ५० थान फलामे बेन्च हस्तान्तरण गरिएको छ। उपचारका लागि अस्पताल आउने बिरामी तथा उनीहरूका कुरुवालाई बस्नका माछापुच्छ्रे बैंकले बेन्च उपलब्ध गराएको जनाएको छ।

भद्रपुर नगरपालिकाका नगरप्रमुख गणेश पोखरेल तथा प्रादेशिक अस्पताल भद्रपुरका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा सञ्जयकुमार गुप्ताको उपस्थितिमा ती बेन्चहरू अस्पताल प्रशासनलाई हस्तान्तरण गरिएको हो।

अस्पतालका सूचना अधिकारी मनोजकुमार पोखरेलका अनुसार बैंकको संस्थागत सामाजिक उत्तरदायित्व (सीएसआर) कार्यक्रमअन्तर्गत प्राप्त बेन्चहरू फार्मेसी र आवश्यकताअनुसार बहिरङ्ग विभागमा राखिने छ। उहाँका अनुसार अहिले अस्पतालमा दैनिक सरदर एक हजार जनाभन्दा बढी सेवाग्राही आउने गर्दछन्।

## खुकुरी प्रहारबाट महिलाको मृत्यु

जनकपुरधाम। आपसी विवादमा रौतहटको गजुरा नगरपालिका-५ हरिपुरमा शुक्रबार एक पुरुषले खुकुरी प्रहार गरी महिलाको हत्या गरेको छ।

बाराको करैयामाई गाउँपालिका-८ इटहर बेलाही घर भई हाल हरिपुरमा बस्दै आएका ३५ वर्षीय उपेन्द्र साह कलवारले खुकुरी प्रहार गरी स्थानीय ४५ वर्षीय रेणुदेवी जयवालको हत्या गरेको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक वसन्त गौतमका अनुसार आपसी विवादका क्रममा कलवारले प्रहार गरेको खुकुरी लागेर गम्भीर घाइते जयसवालको घटनास्थलमै मृत्यु भएको हो।

घटनापश्चात् आक्रोशित स्थानीयहरूले कुटपिट गर्दा कलवार घाइते भएको र उहाँलाई उपचारका लागि वीरगन्ज अस्पताल पठाइएको प्रहरी नायब उपरीक्षक गौतमले बताउनुभयो। घटनाको कारण खुल्न नसकेको र थप अनुसन्धान भइरहेको उहाँको भनाइ छ।

## इन्जिनियरिङतर्फ विद्यार्थीको आकर्षण बढाउन शिक्षामन्त्रीद्वारा छलफल

काठमाडौँ। शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले इन्जिनियरिङ शिक्षाको प्रवर्द्धन गर्दै यस क्षेत्रमा विद्यार्थीको आकर्षण बढाउने उद्देश्यले सरोकार भएका निकायका प्रतिनिधिसँग छलफल गर्नुभएको छ। सिंहदरबारस्थित मन्त्रालयमा त्रिभुवन विश्वविद्यालय (त्रिवि)का उपकुलपति, इन्जिनियरिङ अध्ययन संस्थान (आइओइ)का डिन तथा इन्जिनियरिङ कलेजहरूको छाता सङ्गठन (एकोन) त्रिवि विभागका पदाधिकारीसँग छलफल गर्नुभएको हो।

छलफलमा त्रिविका उपकुलपति प्रा डा भोला थापा, संस्थानका डिन प्रा डा सुशीलबहादुर बज्राचार्य, एकोन त्रिवि विभागका संयोजक धनप्रसाद पौडेल लगायत पदाधिकारी र मन्त्रालयका उच्च अधिकारीबीच छलफल भएको हो।

मन्त्री पोखरेलले इन्जिनियरिङ शिक्षाप्रति विद्यार्थीको आकर्षण बढाउन तथा अध्ययनपछि उनीहरूलाई मुलुकभित्रै अवसर सृजना गर्ने गरी ठोस कार्ययोजना बनाएर अघि बढ्न सरोकार भएका निकायलाई आग्रह गर्नुभएको छ। उहाँले नेपालमा इन्जिनियरिङ शिक्षा प्रवर्द्धन तथा गुणस्तर अभिवृद्धिका लागि परीक्षण प्रणालीमा सुधारदेखि नीतिगत व्यवस्थापनमा मन्त्रालयले योजनाबद्ध काम गर्ने स्पष्ट पार्नुभयो। त्रिविका उपकुलपति प्रा डा थापाले विश्वविद्यालयको शैक्षिक गुणस्तर उकास्न, इन्जिनियरिङ अध्ययनलाई व्यवस्थित र प्रभावकारी बनाएर विद्यार्थीलाई आकर्षण गर्नेगरी गुणस्तरीय शिक्षामा जोड दिन इन्जिनियरिङ अध्यापन गराउने कलेजहरूलाई आग्रह गर्नुभयो। शिक्षामन्त्रीका सल्लाहकार शैलेन्द्र झाले इन्जिनियरिङ शिक्षामा विद्यार्थी आकर्षणका लागि प्रभावकारी शैक्षिक कार्यक्रम लागू गर्न आग्रह गर्नुभयो। शिक्षा मन्त्रालयको उच्च शिक्षा महाशाखा प्रमुख एवं सहसचिव श्रीप्रसाद भट्टराईले विश्वविद्यालय अनुदान आयोगको मापदण्डअनुसार शैक्षिक गुणस्तरलाई ध्यान दिएर संस्थानअन्तर्गतका इन्जिनियरिङ कलेजमा विद्यार्थी बढाउनुपर्नेमा जोड दिनुभयो। उहाँले सरकारले इन्जिनियरिङ शिक्षाको गुणस्तर सुधारमा ध्यान दिने र शिक्षामा सबैको पहुँच विस्तार गर्नेगरी काम गरिरहेको उल्लेख गर्नुभयो।

छलफलमा एकोन त्रिवि विभागका संयोजक पौडेलले इन्जिनियरिङ शिक्षातर्फ विद्यार्थीको आकर्षण बढाउन र प्रवेश परीक्षाको उत्तीर्णदर वृद्धि गर्न सक्नेगरी आइओइबाटै पहल गर्न सुझाव दिनुभयो।

छलफलमा काठमाडौँ इन्जिनियरिङ कलेजका सञ्चालक एवं एकोनका पूर्वअध्यक्ष इन्जिनियर हिरेन्द्रमान प्रधान, सगरमाथा इन्जिनियरिङ कलेजका प्रमुख इन्जिनियर दक्षिणा श्रेष्ठ, कान्तिपुर इन्जिनियरिङ कलेजका प्रमुख डा केसर प्रसाईं, ललितपुर इन्जिनियरिङ कलेजका निर्देशक ललन तिवारी, नेसनल कलेज अफ इन्जिनियरिङका प्रमुख कार्यकारी अधिकृत धनप्रसाद पौडेललगायतको सहभागिता थियो।

## निमित्त प्रमुखको आर्थिक तथा प्रशासनिक अधिकार रद्द

काठमाडौँ। भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अछामको रामरोशन गाउँपालिकाका निमित्त प्रमुखको आर्थिक तथा प्रशासनिक अधिकार रद्द गरेको छ।

मन्त्रालयले गरेको निर्णयबाट शाखा अधिकृत तारादत्त भट्टलाई रामरोशन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटाइसकेकाले उक्त निर्णय कार्यान्वयन गर्न निमित्त प्रमुखको आर्थिक तथा प्रशासनिक जिम्मेवारी रद्द गरेको हो।

मन्त्रालयले गाउँपालिकामा खटाइएका प्रमुख प्रशासकीय अधिकृत तारादत्त भट्टलाई तत्काल हाजिर गराई नियमित कामकाजमा लगाउन अनुरोध गरेको छ।

मन्त्रालयले कोष तथा लेखा नियन्त्रक कार्यालयलाई जगतबहादुर रावललाई दिइएको आर्थिक जिम्मेवारी रद्द गरिएको जानकारी गराउँदै अबदेखि मन्त्रालयबाट खटाइएका प्रमुख प्रशासकीय अधिकृत तारादत्त भट्टमार्फत मात्र गाउँपालिकाको खाता सञ्चालनको व्यवस्था मिलाउन निर्देशन दिइएको छ।

## अन्तरराष्ट्रिय बजार विस्तारका लागि उद्यमी-व्यवसायीका माग सम्बोधन गर्न सरकार प्रतिबद्ध छ : प्रधानमन्त्री

काठमाडौँ। प्रधानमन्त्री बालेन्द्र शाहले नेपाली उत्पादनको अन्तरराष्ट्रिय बजार विस्तारका लागि उद्यमी-व्यवसायीका माग सम्बोधन गर्न सरकार प्रतिबद्ध रहेको स्पष्ट पार्नुभएको छ।

प्रधानमन्त्री शाहले नेपालका प्रमुख निर्यातजन्य उद्योग-व्यवसायमा आबद्ध नेपाल प्लाइउड उत्पादक सङ्घ, नेपाल गलैँचा उत्पादक तथा निकासीकर्ता सङ्घ, नेपाल पश्मिना उद्योग सङ्घ र नेपाल डग च्यु उत्पादक सङ्घका प्रतिनिधिहरूलाई आज प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा छलफलका लागि बोलाउनुभएको थियो।

उक्त छलफलमा नेपाल गलैँचा उत्पादक तथा निकासीकर्ता सङ्घका अध्यक्ष बलराम गुरुङले नेपाली गलैँचाको मुख्य बजार अमेरिका र युरोप भए पनि अमेरिकाको नयाँ नियमले निर्यातमा कठिनाइ भएको र व्यवसायीहरू मारमा परेको गुनासो गर्नुभयो। उहाँका अनुसार अमेरिकाले यही जुलाई ८ देखि 'कन्जुमर प्रोडक्ट सेफ्टी कमिसन' को प्रमाणीकरण अनिवार्य गरेकोमा नेपालमा त्यसको सुविधा नहुँदा निर्यात रोकिएको, नापतौल विभागको ल्याब पनि जेनजी आन्दोलनमा चलेको छ। त्यसैले अर्को व्यवस्था नभएसम्म एक वर्षको लागि उक्त परीक्षण छुट (ग्रेस पिरेड) पाउन परराष्ट्र मन्त्रालयमार्फत अमेरिकाको भन्सार विभागलाई कूटनीतिक नोट पठाइदिन उहाँले माग गर्नुभएको थियो। प्रधानमन्त्री शाहले तत्कालै उहाँको माग कार्यान्वयनका निम्ति उक्त मन्त्रालयलाई निर्देशन दिनुभएको छ।

गलैँचा उत्पादनका लागि बाहिरबाट आउने कच्चापदार्थ ऊनको 'क्वरेन्टिन सर्टिफिकेसन' बेलैमा गरिदिन गुरुङले प्रधानमन्त्रीसमक्ष आग्रह गर्नुभएको थियो। अहिले महिनामा तीनपटक मात्र सर्टिफिकेसनको काम हुँदा व्यवसायीलाई समस्या हुने गरेको उहाँको भनाइ थियो। प्रधानमन्त्री शाहले तुरुन्तै 'क्वरेन्टिन सर्टिफिकेसन' को काम हप्ताको दुई दिन गर्न सम्बन्धित निकायलाई निर्देशन दिनुभयो। गुरुङले उद्योग मन्त्रालय मातहतमै रहने गरी गलैँचा विकास बोर्ड गठनको माग गर्नुभएकामा प्रधानमन्त्री शाह त्यसमा सकारात्मक हुनुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।

नेपाल प्लाइउड उत्पादक सङ्घका अध्यक्ष होमप्रसाद घिमिरेले नेपाली प्लाइउडको गुणस्तर अन्य देशबाट आउनेभन्दा राम्रो भए पनि विद्यमान केही कानुनी प्रावधानले यस क्षेत्रका उद्यमीले समस्या भोगिरहेको गुनासो गर्नुभयो। उहाँका अनुसार नेपालमा ८५ वटा प्लाइउड उद्योगले रु चार हजार करोड लगानी गरेका छन् तर प्लाइउडको लागि आवश्यक पर्ने कच्चापदार्थ (भेनियर) नेपालबाट निकै सस्तो भन्सार दरमा भारत निकासी भइरहेको छ।

## किसानले केराको उचित मूल्य पाए

चितवन। भारतबाट केरा आउन रोक लगाइएपछि यहाँका किसानले उचित मूल्य पाएका छन्। सरकारले बाहिरबाट केरा आयात रोक लगाएसँगै किसान प्रत्यक्ष लाभान्वित भएका हुन्।

चितवन केरा उत्पादक सङ्घका अध्यक्ष घननाथ महतोका अनुसार किसानले बारीबाटै प्रतिकोसा केराको रु छसम्म मूल्य पाएका छन्। "यो काँचो केराको मूल्य हो। गतवर्षको यही समयमा एउटाको केरा रु दुईदेखि रु तीनमा बिक्री गर्नुपर्ने बाध्यता थियो", उहाँले भन्नुभयो, "यस वर्ष बल्ल किसानले केराको उचित मूल्य पाएका छन्।"

गत असोजदेखि बाहिरबाट केरा भित्रन रोक लगाइएको जनाउँदै महतोले केरा आयात हुन छाडेपछि यसवर्ष जिल्लाका किसानले सात लाख बिरुवा थप गरेका उल्लेख गर्नुभयो। उहाँका अनुसार जिल्लामा तीन हजार बिघा जमिनमा केराखेती गरिएको छ। यसबाट वार्षिक ७० हजार मेट्रिकटन केरा उत्पादन हुन्छ। जिल्लामा मालभोग, जिनाइन, विलियम हाइब्रिड जातका केरा लगाइँदै आइएको महतोले जानकारी दिनुभयो। उहाँका अनुसार जिल्लामा करिब ७०० किसानले व्यावसायिक रूपमा केराखेती गर्दै आएका छन्।

मूख्य रूपमा कालिका र रत्ननगर नगरपालिकामा किसानले केरा लगाएका छन्। जिल्लाका अन्य पालिकामा केराखेती गरिन्छ।

तीमध्ये अधिकांशले जग्गा भाडामा लिएर केराखेती गरिरहेका केरा उत्पादक सङ्घले जनाएको छ।

यहाँ उत्पादित केरा काठमाडौँ, पोखरा, दाङ, वीरगञ्ज, हेटौँडालगायत सहरमा जाने गर्दछ। फागुनदेखि वैशाखसम्म कम उत्पादन भए पनि अन्य मौसममा केरा उत्पादन बढी हुने सङ्घले जनाएको छ। बिरुवा लगाएको १० महिनादेखि एक वर्षमा उत्पादन लिन सकिन्छ।

## अनलाइन ठगीमा संलग्न ३ भारतीयसहित ४ जना पक्राउ

बागमती। जिल्ला प्रहरी कार्यालय मकवानपुरले अनलाइन ठगीमा संलग्न तीन भारतीय नागरिकसहित चार जनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय मकवानपुर तथा वडा प्रहरी कार्यालय हेटौँडाबाट खटिएको प्रहरी टोलीले भारतको पटना बस्ने २७ वर्षीय इन्द्रजित सरकार, २० वर्षीय सहर्षजित सरकार, २३ वर्षीय अमनराज सरकार र मकवानपुर हेटौँडा उपमहानगरपालिका वडा नं १० स्थित बाँस्तोला होटलका सञ्चालक ३७ वर्षीय दीपक बाँस्तोलालाई पक्राउ गरेको हो। निजहरूको मिलोमतोमा भारतीय नागरिकसमेतलाई विभिन्न प्रलोभन देखाई अनलाइनबाट ठगी गर्ने गरेको भन्ने सूचानाको आधारमा हेटौँडा-१० स्थित बाँस्तोला होटलबाट चारै जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। उनीहरूलाई नियन्त्रणमा लिई अनुसन्धान गर्दा निजहरूले प्रयोग गर्ने मोबाइलमा ठगी प्रयोजनका लागि टेलिग्राम, ह्वाट्सएपलगायत एसहरूमार्फत कारोबार गरेको देखिएको छ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयः नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com